## चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन समुद्घाटन समारोहमा नेउवामहासंघका अध्यक्ष कुशकुमार जोशीले दिनु भएको कृतज्ञता मन्तव्य (Vote of Thanks)

**सम्माननीय राष्ट्रपतिज्यू,**

**सम्माननीयज्यूहरु, माननीय मन्त्रीज्यूहरु, महामहिमज्यूहरु,**

**गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षज्यू, पदाधिकारीज्यूहरु एवं सदस्यज्यूहरु**

**नेपाल सरकारका वरिष्ठ पदाधिकारीज्यूहरु,**

**महासंघका निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरु, पदाधिकारीज्यूहरु, कार्यकारिणी समितिका सदस्यज्यूहरु,**

**विभिन्न मुलुकहरुबाट सम्मेलनमा भाग लिन पाल्नु भएका गैर आवासीय नेपाली मित्रहरु, उद्यमी व्यवसायी मित्रहरु, पत्रकार मित्रहरु एवं सम्पूर्ण अतिथिगण ।**

१. सम्माननीय राष्ट्रपतिज्यूबाट नेपाल, नेपाली धर्म, सँस्कृति एवं परम्पराको उल्लासमय पावन उत्सवहरुका अवसरमा नेपाली र नेपाल वाहिर विश्वका विभिन्न देशमा बसोबास गरी आउनु भएका गैरआवासीय नेपालीहरु बीच पुनः मिलन र आपसी सद्भाव सहित **"नेपालीका लागि नेपाली"** भन्ने आदर्श वाक्य सहित दुई वर्षको अन्तरालमा नेपालमा तीन दिनसम्म आयोजना हुन लागेको **"चौथो गैरआवासीय नेपाली विश्व सम्मेलन"** को समुद्घाटन भएकोमा देशको आर्थिक सामाजिक विकासमा समर्पित हामी सम्पूर्ण उद्योगी व्यवसायीहरु गौरवान्वित भएका छौं । यस अवसरमा म देशभरका सम्पूर्ण उद्योगी व्यवसायीहरुको तर्फबाट सम्माननीय राष्ट्रपतिज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

२. विश्वका विभिन्न देशमा बसोबास गरी आउनु भएका गैरआवासीय नेपाली दाजुभाई दिदीवहिनीले नेपालमा बस्ने हामीहरुले जस्तै सुन्दर शान्त र समुन्नत नेपालको साझा सपना देख्नु भएको छ। तपाईहरुको महत्वपूर्ण उपस्थिति एवं सहभागिताले मातृभूमि नेपालप्रतिको गहिरो माया ममताको प्रष्ट पहिचान दिएको छ। हामी बीचको आत्मियता, अपनत्व एवं क्रियाशीलताले हाम्रा साझा सपनालाई मूर्तरुप दिन र नेपाललाई वर्तमान संकटपूर्ण अवस्थाबाट माथि उठाउन सहयोग पुग्ने पूर्ण भरोसा लिएका छौं। यस अवसरमा म यहांहरु सबैमा हार्दिक स्वागत अभिवादन गर्दछु।

३. गत ११ अक्टोवर २००३ मा सम्पन्न पहिलो विश्व सम्मेलन पश्चात गैरआवासीय नेपाली समूदायले विश्वभर आफ्नो सञ्जाल निर्माण गर्न र करिव पाँच दर्जन देशमा राष्ट्रिय समन्वय परिषद् गठन गर्नुका साथै संस्थागत विकासमा निकै ठूलो फड्को मारेको छ। अझ महत्वपूर्ण उपलव्धी त यस बीचमा गैर आवासीय नेपालीहरुका लागि छुट्टै ऐन एवं यस सम्बन्धी नियमावली समेत आइसकेको छ। यसका अतिरिक्त गैरआवासीय नेपालीबाट नेपालको आर्थिक सामाजिक एवं सांस्कृतिक विकासमा भई आएको योगदान तथा नेपाल बाहिर स्थायी दूतको रुपमा रहेर नेपालको बलियो प्रतिनिधित्व गर्न ठूलो सफलता पाएको महशुस महासंघको छ। महासंघ यसको उच्च प्रशंसा गर्दछ।

४. नेपालमा गैरआवासीय नेपालीहरुलाई संस्थागत रुपमा स्थापित गर्ने मुख्य भूमिका नेपाल उद्योग वाणिज्य महासंघले निर्वाह गरेको हो भन्नेमा कसैको पनि विमति नहोला। यसर्थ पनि गैरआवासीय नेपालीहरु र गैरआवासीय नेपाली संघसँग महासंघको निकै ठूलो भावनात्मक सम्बन्ध रही आएको छ। मुलुकले यतिखेर राजनीतिक स्थायित्व सहितको शान्ति र सबै प्रकारको पछौटेपनको अन्त खोजेको छ। नयाँ र समृद्ध नेपाल सबै नेपालीले चाहेका छन्। यसका लागि पर्याप्त पूँजी, नयाँ प्रविधि, कार्यशैलीमा नविनता र नयाँ सोँच सहितको आर्थिक विकास निजी क्षेत्रले चाहेको छ। म यस अवसरमा निजी क्षेत्रको सोँच अनुसारको आर्थिक विकासका लागि साझेदारको रुपमा रहेर कार्य गर्न यहांहरुमा आव्हान गर्दछु।

५. विश्व आर्थिक मन्दी एवं वैदेशिक रोजगारीलाई मर्यादित बनाउन चालिनु पर्ने कदम, नेपाललाई द्रुततर प्रगतिको पथमा लैजान आवश्यक नीतिगत एवं प्रक्रियागत आवश्यकता, नयाँ बन्ने संविधानमा गैर आवासीय नेपालीहरुको हकहितको सुरक्षा लगायतका मुख्य विषयमा वृहद छलफल हुने चौथो विश्व सम्मेलन **“शान्त र समृद्ध नेपाल–हाम्रो साझा सपना”** को मुख्य नारालाई साकार पार्ने दिशामा साँच्चिकै एक महत्वपूर्ण प्रयास हुने विश्वास नेपाल उद्योग वाणिज्य महासंघले लिएको छ ।

६. ढिलै भएपनि नेपाल सरकारले गैरआवासीय नेपाली सम्बन्धी ऐन ल्याएको छ। ऐन आउनमा भएको ढिलाईका कारण उहाँहरुको सोंचअनुसारको कार्यक्रम तथा लगानी मुलुकभित्र आउन नसकेको यथार्थतालाई आत्मसात गरि सरकारले उक्त ऐनको कार्यान्यवनका लागि यस सम्बन्धी नियमावली तत्काल ल्याउन म यस अवसरमा सरकारमा आग्रह गर्दछु ।

७. गैरआवासीय नेपालीहरुबाट प्रत्यक्ष/अप्रत्यक्ष रुपमा नेपालको आर्थिक सामाजिक विकासमा अत्यन्त महत्वपूर्ण योगदान पुग्दै आएको छ । उहाँहरुले विभिन्न पेशा, व्यवसाय र विषयमा हासिल गर्नुभएको ख्याति, ज्ञान, शीप र प्रविधि एवं उहाँहरुबाट आर्जित पूँजी यतिखेर नेपालको विकास कार्यमा उपयोग गर्ने प्रक्रियालाई संस्थागत स्वरुप दिनु टड्कारो आवश्यकता रहेको छ । तसर्थ सरकारले एनआरएनहरुबाट उठान भई आएका मुख्य विषयहरुलाई सम्वोधन गर्ने कार्यक्रम सहित तत्काल आवश्यक कानूनी वातावरण तयार गरिदेओस भन्ने हाम्रो आग्रह छ ।

८. गैरआवासीय नेपालीहरु देश वाहिर नेपालको वलियो प्रतिनिधि हुन । जसले विश्वभर एकताको सन्देश दिएको छ – नेपाल र नेपालीको साख कीर्ति र गौरवलाई वाह्य देशहरुमा पहिचान गराएको छ। नेपालको इज्जतसंग जोडिएको गैरआवासीय नेपालीको एकताको सन्देशले एकातिर शान्ति र विकासको सन्देश दिएको छ भने अर्कोतिर राजदूतावास नभएको देशमा अवैतनिक राजदूतको साथै Economic Diplomacy को रुपमा काम गर्ने “सम्वाहक” भएको अनुभूति हामीले गरेका छौं ।

९. अहिले नेपालको प्रमुख समस्याहरु मध्ये रोजगारीको श्रृजना र नेपाली बस्तुहरुको विकासका साथै ती बस्तुहरुको पहिचान वाह्य मुलुकहरुमा गराउनु रहेको छ । यसै पृष्ठभूमिमा महासंघले नेपाल सरकारसंग मिलेर निजी–सरकारी अवधारणा (PPP Concept) अनुसार (क) एक गाउं एक उत्पादन र (ख) इलम प्रशिक्षण केन्द्र कार्यक्रम छुट्टा छुट्टै Projects को रुपमा सञ्चालन गरेको छ ।

१०. OVOP कार्यक्रम शुरु भएको पहिलो र दोश्रो वर्षमा बस्तुगत विकासका लागि १० जिल्लामा खास गरी कृषि क्षेत्रबाट शुरु गरी रेन्बो ट्राउट माछा, जुनार, लप्सी, बेल, एग्रो टुरिजम र अर्किड फुलको उत्पादन छनौट भएको र यस चालू आ.व. मा पहिलेका बस्तुको साथै थप दुई जिल्लामा कफि लगायतका  नयाँ बस्तुहरु समावेश गरी कार्यक्रम अगाडि बढाईएको छ–भने भविष्यमा सम्भावना र सम्भाव्य सहभागिताको आधारमा अन्य गैर कृषि बिषयबस्तुलाई पनि समेट्ने लक्ष्य राखिएको छ ।

११. “एक गाउँ एक उत्पादन” कार्यक्रम सरकारी तथा निजी क्षेत्रको सहभागितामा सञ्चालित कार्यक्रम भएता पनि यसलाई सफलतापूर्वक अगाडि बढाउन गैर आवासीय नेपालीहरुको पनि अहंम भूमिका रहने हाम्रो विश्वास छ । तसर्थ, यस कार्यक्रम अन्तर्गत छानिएका बस्तुहरुको विकासका लागि गैरआवासीय नेपालीहरुको तर्फबाट आफ्नो जन्मस्थान/गाउँ शहरमा केही लगानी प्रवाह गरी स्थानीय विशेषको पहिचान सहित बस्तु उत्पादन गर्ने एवं उत्पादित बस्तु आफू बस्दै आएका मुलुकहरुमा बजार प्रबर्द्धन कार्यमा सहयोग गर्न NRN मित्रहरुलाई हार्दिक अनुरोध गर्दछु ।

१२. यसैगरी, उद्योग व्यवसायको लागि शीपयुक्त जनशक्ति विकास गर्ने उद्देश्यले विगत ५ वर्षदेखि इलम प्रशिक्षण केन्द्रहरुको स्थापना शुरु गरिएको छ । सरकार र नेपाल उद्योग वाणिज्य महासंघ बीचको प्रमुख परियोजनाको रुपमा प्रारम्भ भएको इलम प्रशिक्षण केन्द्रहरु हालसम्म ८ वटा अञ्चलहरुमा स्थापना भई कार्यरत रहेको र उक्त कार्यक्रमलाई थप प्रभावकारी ढंगमा अगाडी बढाउने कार्यमा थप सहयोग पुऱ्याउन गैर आवासीय नेपाली संघले महासंघलाई हालै प्रदान गरेको आर्थिक सहयोगको प्रशंसा गर्दै दक्षजनशक्ति उत्पादन गर्ने यो कार्यक्रमलाई महासंघ र NRN को पूर्व समझदारी अनुसार बांकी अञ्चलहरुमा विस्तार गर्ने कार्यक्रम रहेको छ ।

१३. अतः यी दुवै परियोजनाका वारेमा NRN Association का पदाधिकारी मित्रहरुसंग विभिन्न चरणमा कुरा भई रहेको पृष्ठभूमिमा यो चौथो सम्मेलनमा NRN को संलग्नता सहितको ठोस प्रतिबद्धताको हामीले अपेक्षा गरेका छौं । यस वर्षको चौथो सम्मेलनले एनआरएनको नेतृत्व सहित नयाँ team को चयन गर्दैछ । नयाँ आउने team सँगपनि महासंघले अत्यन्त नजिक रहेर कार्य गर्ने विश्वास दिलाउदछु ।

१४. हामीले देशमा पूर्वाधारहरुको पुननिर्माण लगायत आर्थिक क्रियाकलाप अघि बढाई रोजगारी सिर्जनाको माध्यमबाट गरिवी निवारणमा समेत सहयोग पुऱ्याउन उदार अर्थतन्त्र अनुरुप, निजी क्षेत्रको विकासमा देखिएका कानूनी, नीतिगत एवं प्रकृयागत बाधा अड्चनहरु हटाउनै पर्दछ । प्राविधिक शिक्षा, सञ्चार आदि क्षेत्रमा गैर आवासीय नेपालीहरुले विदेशी पूंजी समेत भित्र्याई नेपालमा लगानी एवं रोजगारी बढाउने प्रक्रिया प्रारम्भ गरेको परिप्रेक्ष्यमा प्रोत्साहन नपाएको गुनासो आउनुलाई हलुकासंग लिनु हुंदैन भन्ने हाम्रो जिकिर छ । तसर्थ उद्योगी व्यवसायीको मनोबल कदापि गिर्न नदिई सरकारले यस्ता विषयलाई गम्भीरता साथ लिनै पर्छ । साथै सम्मेलन आयोजना गर्न हामीलाई नेपाल सरकारबाट प्राप्त प्रेरणाको सराहना गर्दछौं भने सम्मेलनमा उठाइएका विषयहरुतर्फ तत्काल ध्यान दिन विशेष आग्रह गर्दछौं । साथै यस सन्दर्भमा आवश्यक सहयोग गर्न महासंघ सदैव प्रतिबद्ध रहेको व्यहोरा पनि अनुरोध गर्दछु ।

१५. यस महत्वपूर्ण एवं गरीमामय सम्मेलन आयोजना गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने नेपाल सरकार एवं विशेषतः माननीय परराष्ट्र मन्त्रीज्यू समक्ष हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उच्चस्तरीय आयोजक समिति एवं कार्यान्वयन समितिका सदस्यज्यूहरु, गैर आवासीय नेपाली अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्षज्यू एवं सदस्यज्यूहरु, सरकारी एवं गैर सरकारी निकायबाट यो वृहत सम्मेलन आयोजना गर्न प्राप्त सद्भाव एवं सहयोगका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहान्छु । सम्मेलन सफल बनाउन सौजन्यता प्रदान गरी सहयोग गर्नु हुने सबै संघ/संस्थाहरुमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

१६. साथै यस सम्मेलन आयोजना गर्ने क्रममा महत्वपूर्ण समय दिनु हुने महासंघका वरिष्ठ उपाध्यक्ष श्री सुरज बैद्य, गैर आवासीय नेपाली संघका प्रवक्ता एवं सदस्य श्री जुगल भुर्तेल, महासंघको NRN सचिवालयका कार्यकारी निर्देशक सहित कर्मचारीहरु, महासंघका महानिर्देशक सहित कर्मचारीहरुले सम्मेलन आयोजना गर्न गर्नु भएको मेहनतको सराहना गर्दछु। साथै महासंघका पदाधिकारीहरु एवं कार्यकारिणी समितिका सदस्यज्यूहरुबाट प्राप्त सद्भाव एवं सहयोगका लागि पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

१७. स्वयं सेवकको रुपमा महत्वपूर्ण सेवा र सहयोग पुऱ्याउनु हुने विद्यार्थी भाई बहिनीहरु र अन्य सबै संघ/संस्थाहरु प्रति पनि हार्दिक आभार व्यक्त गर्दछु। यस सम्मेलनलाई महत्व दिई संचारकर्मी मित्रहरुले पुऱ्याउनु भएको सहयोगको लागि कृतज्ञता ज्ञापन गर्दछु।

१८. हाम्रो निमन्त्रणा स्वीकार गरी पाल्नु भएकोमा विशिष्ठ अतिथिज्यूहरुमा पुन : हार्दिक आभार प्रकट गर्दछु।

१९. हामीलाई प्रेरणा दिन पाल्नु भएकोमा प्रमुख अतिथिज्यूमा पुनः कृतज्ञता व्यक्त गर्दै विदा लिन्छु।

धन्यवाद !

२७ असोज २०६६, काठमाडौं।